**सम्वत् २०७९ साल असार ३० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| २. | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ३. | CGAS प्रणालीमा यही असार ३१ गते १ (एक) दिनका लागि दायित्व सृजना भई भुक्तानी दिन बाँकी रकम भुक्तानी दिन मिल्ने गरी व्यवस्था मिलाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने । |
| ४. | "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति दिने । |
| ५. | "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| ६. | प्रदेश खेलकुद विकास परिषद् ऐन, २०७५ को दफा (३) उपदफा २(ङ) बमोजिम चाँगुनारायण-०५, भक्तपुर निवासी श्री श्रीभक्त कासीछवालाई सदस्य पदमा मनोनयन गर्ने। |
| ७. | प्रदेश युवा परिषद् ऐन,२०७६ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ८. | "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९" लाई स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल असार १ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश आर्थिक विधेयक, २०७९" प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने |
| २. | आर्थिक वर्ष २०७९/८० को विनियोजन विधेयक, २०७९ को मस्यौदा" स्वीकृत गर्ने। |
| ३. | आर्थिक वर्ष २०७९/०८० को राजस्व र व्ययको अनुमान तथा सो साथ संलग्न विवरणहरू स्वीकृत गर्ने। |
| ४. | मालपोत/भूमि सुधार/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा स्रेस्ता व्यवस्थापन कार्यक्रम अन्तर्गत मालपोत/भूमि सुधार/नापी कार्यालयहरूलाई जम्मा एक करोड छयासी लाख रुपैयाँ मात्र प्रचलित कानून बमोजिम अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।